आज मिति २०८२ साल पौष महिनाको २९ गते दिन दिउसो १ बजे यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय भिँग्री, प्यूठानको १८औं नगरसभाको नगर अधिवेशन नगरप्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षता र तपसिल बमोजिमका नगरसभा सदस्य ज्यूहरुको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उपप्रमुख | |
| ३ | श्री दल बहादुर के.सी. | नि. प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री मेघराज जि.सी. | सदस्य/१ नं. वडा अध्यक्ष | |
| ५ | श्री बुद्धिराम पुन मगर | सदस्य/२ नं. वडा अध्यक्ष | |
| ६ | श्री कृष्ण बहादुर रोकाय | सदस्य/३ नं. वडा अध्यक्ष | |
| ७ | श्री सुवर्ण कुमार श्रेष्ठ | सदस्य/४ नं. वडा अध्यक्ष | |
| ८ | श्री गिर बहादुर घर्ति मगर | सदस्य/५ नं. वडा अध्यक्ष | |
| ९ | श्री गिरे गुरुङ्ग | सदस्य/६ नं. वडा अध्यक्ष | |
| १० | श्री सुरज घर्ति मगर | सदस्य/७ नं. वडा अध्यक्ष | |
| ११ | श्री खोप बहादुर राउत | सदस्य/८ नं. वडा अध्यक्ष | |
| १२ | श्री नर बहादुर वि.एम. | सदस्य/९ नं. वडा अध्यक्ष | |
| १३ | श्री पुरुषोत्तम बराली | नगर कार्यपालिका सदस्य | |
| १४ | श्री सुरज संगम सुनार | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री शारदा बुढाथोकी | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री खेमराज विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री अमृता देवी बुढाथोकी | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री शिवा देवी के.सी. | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री बबिता वि.क. | नगर कार्यपालिका सदस्य | |
| २० | श्री दिपक घर्ति मगर | वडा सदस्य वडा नं. १ | |
| २१ | श्री स्मृति कुमारी महारा पुन | वडा सदस्य वडा नं. १ | |
| २२ | श्री निम बहादुर पुन मगर | वडा सदस्य वडा नं. १ | |
| २३ | श्री धनि देवी नेपाली | वडा सदस्य वडा नं. १ | |
| २४ | श्री रामकली सुनार | वडा सदस्य वडा नं. २ | |
| २५ | श्री विष्णु खनाल | वडा सदस्य वडा नं. २ | |
| २६ | श्री पुर्ण बहादुर घर्ति मगर | वडा सदस्य वडा नं. २ | |

CamScanner

| | | | |
|---|---|---|---|
| २७ | श्री विमला नेपाली | वडा सदस्य वडा नं. ३ | |
| २८ | श्री हुकुम बहादुर रोका | वडा सदस्य वडा नं. ३ | |
| २९ | श्री दुज बहादुर घर्ति मगर | वडा सदस्य वडा नं. ३ | |
| ३० | श्री दोर्जे बहादुर रावल | वडा सदस्य वडा नं. ४ | |
| ३१ | श्री महदेव राउत | वडा सदस्य वडा नं. ५ | |
| ३२ | श्री अम्बिका सुनार | वडा सदस्य वडा नं. ५ | |
| ३३ | श्री खेम बहादुर राहु मगर | वडा सदस्य वडा नं. ५ | |
| ३४ | श्री कमल बहादुर घर्ति | वडा सदस्य वडा नं. ६ | |
| ३५ | श्री उदय बि.एम. | वडा सदस्य वडा नं. ६ | |
| ३६ | श्री भावना बिष्ट | वडा सदस्य वडा नं. ६ | |
| ३७ | श्री आशा परियार | वडा सदस्य वडा नं. ६ | |
| ३८ | श्री कविता पुन | वडा सदस्य वडा नं. ७ | |
| ३९ | श्री अनिता बि.क. | वडा सदस्य वडा नं. ७ | |
| ४० | श्री दामोदर सोराथोकी | वडा सदस्य वडा नं. ७ | |
| ४१ | श्री टुक बहादुर पोख्रेल | वडा सदस्य वडा नं. ८ | |
| ४२ | श्री धनि देवी सुनार | वडा सदस्य वडा नं. ८ | |
| ४३ | श्री रमा खत्री | वडा सदस्य वडा नं. ८ | |
| ४४ | श्री निमा देवी घर्ति मगर | वडा सदस्य वडा नं. ९ | |
| ४५ | श्री रस्मी देवी सुनार | वडा सदस्य वडा नं. ९ | |
| ४६ | श्री पुर्ण बहादुर घर्ति मगर | वडा सदस्य वडा नं. ९ | |
| ४७ | श्री ईन्द्र बहादुर घर्ति मगर | वडा सदस्य वडा नं. ९ | |
| **अन्य उपस्थिती** | | | |
| १ | श्री हेमराज आचार्य | पशु चिकित्सक | |
| २ | श्री मानस थापा | इन्जिनियर | |
| ३ | श्री शंकर प्रसाद घिमिरे | आर्थिक प्रशासन शाखा प्रमुख | |
| ४ | श्री विष्णु प्रसाद पोख्रेल | प्रशासन शाखा प्रमुख | |
| ५ | श्री संजय चौधरी(थारु) | कृषि विकास शाखा प्रमुख | |
| ६ | श्री प्रेम बहादुर जि.सी. | शिक्षा युवा खेलकुद शाखा प्रमुख | |
| ७ | श्री निमा डाँगी | महिला बालबालिका शाखा प्रमुख | |

| | | | |
|---|---|---|---|
| ८ | श्री ऋषिकेश भण्डारी | योजना तथा अनुगमन शाखा प्रमुख | |
| ९ | श्री विमराज गिरी | जिन्सी शाखा प्रमुख | |
| १० | श्री सौन्दर्यमणी सुवेदी | प्र.प्र.प्र. | |
| ११ | श्री रमेश पोखेल | रोजगार संयोजक | |
| १२ | नरेन्द्र प्रसाद भण्डारी | MIS अपरेटर | |
| १३ | प्रकाश सिंह ठकुर | वडा सचिव | |
| १४ | टिका के.सी. | वडा सचिव | |
| १५ | विष्णु प्रसाद ओराघोकी | " | |
| १६ | मानबुध थापा | इन्जिनियर | |
| १७ | सरोजा खनाल | ना.प्र.स. | |
| १८ | किशोर कुमार जि.सि. | का.सहयोगी (ड्राइ) | |
| १९ | ओम बहादुर रानामाझी | वडा सचिव (४) | |
| २० | दिपशिखा बोका मगर | नगर प्रहरी (जवान) | |
| २१ | बलराम श्रेष्ठ | का.स. | |
| २२ | योगेश्वर खनाल | इन्टर्न राप्ती मेडिकल कलेज | |
| २३ | किशोर पुन मगर | पंजीकरण शाखा/ विकासप्रमुख | |
| २४ | तिलक पुन मगर | का.स. | |
| २५ | पुष्पकुमार प्रसाद शाह | नायब पशु सेवा प्राविधिक | |
| २६ | सचिन रेग्मी | पशु स्वास्थ्य प्राविधिक | |
| २७ | विपल थापा | कृषि अधिकृत | |
| २८ | राज कुमार अधिकारी | नायब पशु सेवा प्राविधिक | |
| २९ | अमृता श्रेष्ठ | कम्प्युटर अ. | |
| ३० | मृदु कंडेल | प्रा.स. | |
| ३१ | कल्पना जि.सी. | ना.प्रा.स. | |
| ३२ | रुपा पुन मगर | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य शाखा | |
| ३३ | पार्वती कुमारी सुवेदी | सिनियर निरीक्षक सर्भेक्षक | |
| ३४ | मिला अधिकारी | ~~[illegible]~~ पशु स्वास्थ्य प्राविधिक | |
| ३५ | प्रेती बटी | बाल सहजकर्ता / म. वि. शा. | |
| ३६ | रिमा अर्याल | का.स. | |
| ३७ | चित्रा घर्ति मगर | का.स. | |
| ३८ | श्रीभगवान ठाकी | इन्जिनियर | |

| | | | |
|---|---|---|---|
| ३९ | सुशीला नेपाली | स. इ. वि. प्र. | [illegible] |
| ४० | दुर्गा अधिकारी | प्रोजेक्ट सहजकर्ता | [illegible] |
| ४१ | गोविन्द खड्का | सी.ड्रा.इ | [illegible] |
| ४२ | लालाराम बिष्ट | सचिव (वडा) ६ | Babu |
| ४३ | ओम बहादुर हरि बहादुर | वडा सचिव (८) | [illegible] |
| ४४ | तुलसी डंगी | को. से [illegible] | [illegible] |
| ४५ | लक्ष्मण पुन मगर | का० स० | [illegible] |
| ४६ | विष्णु ढकाल | ,, | [illegible] |
| ४७ | प्रविन घर्तीमगर | चालक | [illegible] |
| ४८ | कानुराज घर्ती | [illegible]-चालक | कानुराज |
| ४९ | मन बहादुर भट्टराई | का० स० | मनबहादुर |
| ५० | यमराज घर्ति मगर | नगर प्रहरि (जवान) | Yamraj |
| ५१ | हेमन्त पुन | [illegible] सु. चालक | [illegible] |
| ५२ | श्यामसुन्दर मुखिया | क. अ. | [illegible] |
| ५३ | | | |
| ५४ | | | |
| ५५ | | | |
| ५६ | | | |
| ५७ | | | |
| ५८ | | | |
| ५९ | | | |
| ६० | | | |

१८औं नगरसभाका प्रस्तावहरु:

१. नगरको हालसम्मको प्रगति प्रतिवेदन सम्बन्धमा।
२. आयोजना तथा कार्यक्रमहरुको संशोधन सम्बन्धमा।
३. न्यायीक समितिको प्रतिवेदन सम्बन्धमा।
४. हालसम्मको आयव्यय अनुमोदन सम्बन्धमा।
५. लेखा समितिको प्रतिवेदन सम्बन्धमा।
६. यस आ.व.मा कार्यपालिकाबाट स्वीकृत भएका नीति, कार्यविधि, दिग्दर्शन, मापदण्ड सम्बन्धमा।
७. नगर कार्यपालिका बैठकको निर्णय अनुमोदन सम्बन्धमा।

निर्णयहरु:

**निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा** यस नगरपालिकाको चालु आ.व. २०८२/०८३ को १७औं नगरसभाबाट स्वीकृत वार्षिक बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनको सन्दर्भमा नगर प्रमुख श्री टेक प्रसाद भण्डारीले प्रस्तुत गर्नुभएको २०८२ श्रावण देखि हालसम्मको नगरपालिकाको प्रगति प्रतिवेदन सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल:

यस स्वर्गद्वारी नगरपालिकाको नगरसभाको १८औं अधिवेशनका उपाध्यक्षज्यू, सचिवज्यू, नगर सभाका सदस्यज्यूहरु, आमन्त्रित सम्पूर्ण अतिथिज्यूहरु, नगर कार्यपालिका कार्यालयका सम्पूर्ण शाखा प्रमुख एवम् राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षा निकायका प्रमुखज्यू, साझेदार संस्थाका प्रमुख तथा प्रतिनीधि तथा पत्रकारज्युहरु, लगायत सम्पूर्णमा मेरो व्यक्तिगत तर्फबाट र स्वर्गद्वारी नगरपालिकाको तर्फबाट हार्दिक अभिनन्दन सहित आभार प्रकट गर्दछु।
यस गौरवपूर्ण क्षणमा संघीय लोकतान्त्रिक गणतन्त्र सम्मको लामो राजनीतिक यात्राको आन्दोलनमा राष्ट्र र जनताको हितको लागि जीवन उत्सर्ग गर्नु हुने वीर शहीदहरु प्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाइते योद्धा तथा बेपत्ता नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दछु।
स्वर्गद्वारी नगरपालिकाको १८औं नगरसभाको यस महत्वपूर्ण अधिवेशनमा आपसी सम्मान, जिम्मेबारी र सहकार्यको भावनासहित उपस्थित हुन पाउँदा म अत्यन्तै गौरवान्वित महसुस गरिरहेको छु। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनबमोजिम नगरपालिकाको समग्र विकास, सुशासन पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्ने उद्देश्यका साथ आयोजना गरिएको यस नगरसभाले नगरको भविष्य निर्धारण गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास लिएको छु।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

लोकतान्त्रिक प्रणालीको महत्वपूर्ण अभ्यासका रूपमा नगरसभा स्थानीय शासनको सर्वोच्च मञ्च हो, जहाँबाट जनताको आवश्यकता, अपेक्षा र आकांक्षालाई नीतिगत तथा कार्यक्रमगत रूपमा सम्बोधन गरिन्छ। यस सन्दर्भमा, १७औं नगरसभाबाट पारित नीति, योजना तथा कार्यक्रमहरूको कार्यान्वयन
अवस्थाबारे समिक्षा गर्दै आगामी कार्यदिशा तय गर्ने अवसरको रूपमा यस अधिवेशनलाई लिइएको छ।

नगरवासीको जीवनस्तर उकास्ने, समावेशी तथा दिगो विकासको लक्ष्य हासिल गर्ने, र सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी, सरल र नागरिकमैत्री बनाउने हाम्रो साझा दायित्व हो। यही जिम्मेवारीलाई आत्मसात गर्दै, निर्वाचित जनप्रतिनिधि, कर्मचारी संयन्त्र, विकास साझेदार तथा सम्पूर्ण सरोकारवाला निकायहरूको निरन्तर सहयोग, समन्वय र प्रतिबद्धताका कारण नगरपालिकाले अपेक्षित उपलब्धिहरू हासिल गर्दै आएको छ।

यस अवसरमा, नगरपालिकाको विकास यात्रामा अमूल्य योगदान पुर्‍याउनुहुने पूर्व जनप्रतिनिधिहरू, कर्मचारीहरू, विकास साझेदार संस्था, नागरिक समाज, सञ्चार क्षेत्र तथा सम्पूर्ण नगरवासीप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। साथै, सीमित स्रोत र चुनौतीपूर्ण परिस्थितिका बावजुद पनि जनताको विश्वासलाई केन्द्रमा राखी इमान्दार प्रयास गर्दै आउनुहुने सबैप्रति सम्मान प्रकट गर्दछु।

अब म, १७ औं नगरसभाबाट पारित नीति, योजना तथा कार्यक्रमहरूको हालसम्मको प्रगति विवरण यस सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु।

### वित्तीय प्रगति अवस्था

यस नगरपालिकाको चालु आर्थिक वर्षमा चालु तर्फ रु. ४६ करोड ७४ लाख ३५ हजार बजेट विनियोजन गरिएकोमा हालसम्म रु. १५ करोड ७० लाख ५२ हजार ४ सय १७ खर्च भई कुल ३३ दशमलव ६० प्रतिशत वित्तीय प्रगति हासिल भएको छ।

यसैगरी, पुँजीगत तर्फ रु. ३३ करोड ०२ लाख ०५ हजार बजेट विनियोजन गरिएकोमा हालसम्म रु. २ करोड ८१ लाख ५३ हजार ३ सय १० खर्च भएको छ, जुन कुल विनियोजनको ८ दशमलव ५२ प्रतिशत हुन आउँछ।

त्यसैगरी, चालु आर्थिक वर्षका लागि नगरपालिकाको आन्तरिक आय रु. २ करोड ६७ लाख अनुमान गरिएकोमा हालसम्म रु. १ करोड ३७ लाख ३० हजार आम्दानी संकलन भएको छ, जुन कुल अनुमानको ५१ दशमलव ४२ प्रतिशत हो।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

समयमा, बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाउँदै वित्तीय अनुशासन कायम राख्ने दिशामा आवश्यक सुधारात्मक कदमहरू अवलम्बन गर्दै बाँकी अवधिमा खर्च तथा आम्दानी संकलनलाई तीव्रता दिइनेछ।

## सामाजिक विकास तथा समावेशीकरण

चालु आर्थिक वर्षको पहिलो चैमासिकसम्म सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत जम्मा ३,६३४ जना लाभग्राहीलाई रु. ३ करोड २३ लाख ५० हजार ३७१ रुपैयाँ सामाजिक सुरक्षा भत्ता वितरण गरिसकिएको छ। यस कार्यक्रमले लक्षित वर्गको जीवनयापनमा सकारात्मक प्रभाव पारेको विश्वास लिइएको छ।

## सुशासन, सेवा प्रवाह र संस्थागत सुदृढीकरण

नगरपालिकाबाट प्रदान गरिने नागरिक सेवा प्रवाहलाई सरल, छरितो र प्रभावकारी बनाउने उद्देश्यले घटना दर्ता तथा अभिलेख व्यवस्थापन कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइएको छ।

हालसम्मको विवरणअनुसार, जन्म दर्ता तर्फ जम्मा ३८२ वटा दर्ता सम्पन्न भएका छन्, जसमा पुरुष १७८ जना र महिला २०४ जना रहेका छन्। त्यसैगरी, मृत्यु दर्ता तर्फ जम्मा १३४ वटा दर्ता भएकोमा पुरुष ६७ जना र महिला ६७ जना रहेका छन्।

यसैगरी, सम्बन्धविच्छेद तर्फ जम्मा २५ वटा दर्ता भएका छन् भने विवाह दर्ता गर्नेमा १७३ जोडी रहेका छन्। बसाईसराइ दर्ता अन्तर्गत कुल १९३ वटा दर्ता भएकोमा यस अवधिमा आउनेको संख्या २१ र जानेको संख्या १७२ रहेको छ।

घटना दर्ता प्रणालीलाई प्रविधिमैत्री बनाउँदै तथ्याङ्कको शुद्धता र सेवाग्राहीको सहज पहुँच सुनिश्चित गर्न नगरपालिकाले निरन्तर सुधारात्मक कार्यहरू अघि बढाइरहेको छ।

## नीति, कार्यविधि र ऐन मापदण्ड विकास

चालु आर्थिक वर्षमा नगरपालिकाले नीति निर्माण, कार्यविधि विकास र ऐन मापदण्ड निर्माणमा उल्लेखनीय प्रगति गरेको छ। यस अन्तर्गतः

- कार्यविधि निर्माणः ३ वटा नयाँ कार्यविधि तयार पारिएको छ, जसले नगरपालिका सञ्चालन र सेवाको प्राविधिक दिशानिर्देशन सुनिश्चित गर्दछ।
- ऐन, कानुन, मापदण्ड निर्माणः १ वटा निर्देशिका १ नीति र १ ऐन निर्माण गरिएको छ, जसले स्थानीय शासन प्रणाली, सेवा प्रवाह र नियमनमा स्पष्टता र पारदर्शिता ल्याउनेछ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

यस कार्यले नगरपालिकाको प्रशासनिक क्षमता वृद्धि गर्न, सेवा गुणस्तर सुधार गर्न र कानून/नियम पालनामा सहयोग पुर्याउने विश्वास लिइएको छ ।

## भौतिक पूर्वाधार विकास

१७औं नगरसभाबाट स्वीकृत भौतिक पूर्वाधारसम्बन्धी योजनाहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै आवश्यक प्रक्रिया पूरा गरी सम्झौता सम्पन्न भइसकेका योजनाहरू निम्नानुसार रहेका छन्

क) सम्झौता भइसकेका योजनाहरू

१. संघीय अनुदान अन्तर्गत

- स्वर्गद्वारी मन्दिर परिसरमा पूर्वाधार स्तरोन्नति योजना

२. प्रदेश समपूरक योजना अन्तर्गत

- भिंग्री—धनबाङ—स्वर्गद्वारी—धरमपानी—कोचिबाङ—गायखर्क सडक स्तरोन्नति योजना (स्वर्गद्वारी न.पा. वडा नं. १, २ र ५)
- दंगालखोला—बेलबास—भालुखोला—सिके सिंचाइ कुलो आयोजना (स्वर्गद्वारी न.पा. वडा नं. ६ र ७)

३. संघीय विशेष अनुदान (शैक्षिक विकासका लागि सेवाको गुणस्तर अभिवृद्धि सम्बन्धी पूरक शैक्षिक पूर्वाधार निर्माण)

- श्री स्वर्गद्वारी ने.रा.आ.वि. डाँडाखर्ग -शौचालय निर्माण
- ने.रा.मा.वि.कोचिवांग-घेराबार
- पृथ्वी प्रा.वि. धनवांग- शौचालय निर्माण
- सुर्योदय मा.वि. बेल्बास शौचालय निर्माण
- जन शिशुकल्याण प्रा.वि. सिस्नेरी घेरावार
- जनता मा.वि. बर्जिवांग शौचालय
- बाल कल्याण प्रा.वि. सिम्ले पर्खाल निर्माण
- जन शान्ती प्रा.वि. सल्लुडाँडा घेराबार
- ने.रा. आ.वि खल्धारा शौचालय निर्माण
- जन ज्योति प्रा.वि. ओर्ला पर्खाल निर्माण

उपरोक्त योजनाहरू सम्झौता सम्पन्न भई कार्यान्वयन चरणमा रहेका छन् र तोकिएको कार्यतालिकाअनुसार गुणस्तरीय रूपमा सम्पन्न गर्ने लक्ष्य लिइएको छ।

स्वर्गद्वारी नगरपालिका
२०७४

टेक प्रसाद भण्डारी
नगर प्रमुख

ख) ठेक्का आव्हान भइसकेका, खरिद तथा आयसम्बन्धी योजनाहरू

१७ औं नगरसभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरूमध्ये हालसम्म ठेक्का आव्हान भई प्रक्रिया अगाडि बढाइएका तथा सम्झौता सम्पन्न/प्रक्रियामा रहेका योजनाहरूको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ.

१. प्रदेश सशर्त योजनाहरू

- भऱ्याङदेखि भगेरी उभिन्ने हुँदै वडा कार्यालय मोटरबाटो योजना (स्वर्गद्वारी न.पा. वडा नं. १)
- वाइनेटा कुलदेव हुँदै गेल्पा जोड्ने मोटरबाटो (स्वर्गद्वारी न.पा. वडा नं. २)
- भाक्रीखाड गापधारा हुँदै बर्तन मोटरबाटो (स्वर्गद्वारी न.पा. वडा नं. ३)
- पौबाली टोल मिल–साउनेटोल–मैटार पथमार्ग स्तरोन्नति (स्वर्गद्वारी न.पा. वडा नं. ५)
- जुडाखेत–रादनखोला–सरौजा मोटरबाटो (स्वर्गद्वारी न.पा. वडा नं. ५)
- सिद्धथान–चैतेबारी–सानविसे मोटरबाटो (स्वर्गद्वारी न.पा. वडा नं. ६)
- बर्जिबाङ स्वास्थ्य चौकीको बर्थिङ सेन्टर अधुरो भवन निर्माण (स्वर्गद्वारी नगरपालिका)
- अमिलधारा सिंचाइ कुलो निर्माण (स्वर्गद्वारी न.पा. वडा नं. ८)
- झोल–सारिकोट खानेपानी आयोजना (स्वर्गद्वारी न.पा. वडा नं. ५)

२. संघीय समपूरक योजनाहरू

- जुडापाटा–अम्लिसे–डाडागाउँ–मगरी–जुकेना–स्वर्गद्वारी सडक योजना (स्वर्गद्वारी न.पा. वडा नं. ९)

३. संघीय अनुदान अन्तर्गतका योजनाहरू

- नमुना विद्यालय निर्माण योजना

ग) सामान खरिदसम्बन्धी

- औषधि तथा शल्यक्रिया सामग्री खरिद (आ.व. २०८२/०८३) ' ठेक्का आव्हान भइसकेको
- मिनी टिलर खरिद ' सम्झौता भइसकेको

घ) आयसम्बन्धी ठेक्का

- ढुंगा, गिट्टी तथा बालुवा सम्बन्धी ठेक्का ' सम्झौता भइसकेको
- विज्ञापन कर सम्बन्धी ठेक्का ' सम्झौता भइसकेको
- कबाडी कर ' सूचना प्रकाशन गरिएको तर प्रस्ताव प्राप्त नभएकाले सम्झौता हुन नसकेको
- पार्किङ कर ' सूचना प्रकाशन गरिएको तर प्रस्ताव प्राप्त नभएकाले सम्झौता हुन नसकेको

ङ) नक्सापास तर्फ

चालु आर्थिक वर्षमा नक्सापास तर्फ ३ वटा घरको अभिलेखीकरण सम्पन्न गरिएको छ भने १ वटा घरको नक्सापास प्रक्रिया सम्पन्न गरिएको छ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

स्वर्गद्वारी नगरपालिका
२०७३

## योजना तथा अनुगमन शाखा तर्फ

योजना तथा अनुगमन शाखामार्फत चालु आर्थिक वर्षमा स्वीकृत योजना तथा आयोजनाहरूको कार्यान्वयन, अनुगमन तथा समन्वय कार्यलाई प्राथमिकताका साथ अघि बढाइएको छ। यस शाखाअन्तर्गत सम्बन्धित हालसम्मको प्रगति विवरण निम्नानुसार रहेको छ:

१. चालु आर्थिक वर्षमा कुल आयोजना संख्या २६३ रहेका छन्।

२. सम्झौता सम्पन्न भइसकेका योजनाहरूमा ठूला आयोजना १३ र साना आयोजना २४ गरी जम्मा ३७ वटा रहेका छन्।

३. ठेक्का प्रक्रियामा प्रवेश गरिसकेका आयोजनाहरूको संख्या ११ रहेको छ।

४. आयसम्बन्धी ठेक्का सम्झौता भएका आयोजनाहरूको संख्या २ रहेको छ।

५. हालसम्म सम्पन्न भएका आयोजनाहरूको संख्या ९ पुगेको छ।

६. नेपाल विद्युत प्राधिकरणसँग गत आर्थिक वर्षमा सम्पन्न सडक बत्ती जडानसम्बन्धी सम्झौता अनुसार आवश्यक सामग्री खरिद भइसकेको जानकारी प्राप्त भएको छ।

७. १५ शैयाको नगर अस्पतालको दोस्रो तल्ला निर्माण कार्य हाल निर्माणाधीन अवस्थामा रहेको छ।

८. आयोजना कार्यान्वयनको प्रभावकारिता सुनिश्चित गर्न हालसम्म ८ पटक आयोजना अनुगमन गरिएको छ।

९. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत पछिल्ला ४ महिनाको अवधिमा ३५ वटा घर निर्माण सम्पन्न भएका छन् भने बाँकी ७३ वटा घर सम्झौता भई निर्माणाधीन अवस्थामा रहेका छन्।

## कृषि विकास शाखा तर्फ

कृषि उत्पादन वृद्धि, कृषकको आयआर्जन अभिवृद्धि तथा व्यावसायिक कृषि प्रवर्द्धन गर्ने उद्देश्यले कृषि विकास शाखामार्फत विभिन्न कार्यक्रमहरू कार्यान्वयनमा ल्याइएको छ।

चालु आर्थिक वर्षमा कृषि विकास शाखा अन्तर्गत सशर्त तर्फ रु. ५० लाख र पालिका तर्फ रु. ५ लाख रकम विनियोजन गरिएकोमा किटनाशक, ढुसीनाशक तथा सूक्ष्मतत्व खरिद गरी कृषकहरूलाई वितरण कार्य निरन्तर रूपमा भइरहेको छ।

यसैगरी, गहुँको पकेट विकास कार्यक्रम अन्तर्गत सम्झौता सम्पन्न भई कार्यक्रम कार्यान्वयन चरणमा रहेको छ। मौरीको नयाँ पकेट विकास कार्यक्रम तथा मकै बाली प्रवर्द्धन कार्यक्रमका लागि सूचना प्रकाशन गरी कृषकहरूबाट माग संकलन गरिएको छ। माग संकलनको आधारमा कार्यक्रमहरू क्रमशः कार्यान्वयनमा ल्याइने तयारी भइरहेको छ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

## पशु सेवा शाखा तर्फ

पशुपालन क्षेत्रको उत्पादनशीलता अभिवृद्धि, पशु स्वास्थ्य सेवा विस्तार तथा कृषकको आयस्तर सुधार गर्ने उद्देश्यले पशु सेवा शाखामार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको छ। चालु आर्थिक वर्षमा यस शाखा तर्फ रु. १० लाख रकम विनियोजन गरिएको छ।

यस अन्तर्गत निजी तथा सरकारी सेवामा संलग्न सबै प्राविधिकहरूलाई कृतिम गर्भाधानसम्बन्धी तालिम प्रदान गरी सेवा प्रवाह सुरु गरिएको छ। नयाँ भवनबाट हालसम्म ७९२ जना कृषकहरूले पशु सेवा लिएका छन् भने धरमपानी पशु सेवा केन्द्रबाट ६६१ जना कृषक र सेवा केन्द्र ददेरी–चिराबारीबाट १५१ जना कृषकले सेवा प्राप्त गरेका छन्।

त्यसैगरी, वडा नं. ५ सारीमा सम्पर्क केन्द्रका रूपमा प्राविधिक खटाई फिल्डस्तरमा सेवा प्रदान गर्दा जम्मा २४ वटा केस दर्ता भएका छन्। कृतिम गर्भाधान सेवा अन्तर्गत हालसम्म निःशुल्क कृतिम गर्भाधान गरिएका पशुहरूको संख्या जम्मा ८८ रहेको छ, जसमा गाई १० र भैंसी ७८ रहेका छन्।

यसै क्रममा, गाउँघर क्लिनिक सञ्चालनका लागि आवश्यक स्थान छनोट भइसकेको छ र सेवा तत्काल सुरु गर्ने तयारी अन्तिम चरणमा रहेको छ।

## हेफरसँगको साझेदारीमा कृषि तथा पशु विकासमा आधारित युवा उद्यमशीलता विकास कार्यक्रम

हेफर इन्टरनेशनलसँगको साझेदारीमा सञ्चालन भइरहेको कृषि तथा पशु विकासमा आधारित युवा उद्यमशीलता विकास साझेदारी कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षमा रु. १ करोड रकम विनियोजन गरिएको छ। हालसम्म यस कार्यक्रमको भौतिक प्रगति करिब २० प्रतिशत पुगेको छ।

कार्यक्रम अन्तर्गत यस आर्थिक वर्षमा कृषकहरूलाई तरकारीको बिउ वितरण, तरकारी उत्पादनको बजारीकरणसम्बन्धी सहजीकरण, पशु प्राविधिकहरूलाई कृतिम गर्भाधानसम्बन्धी तालिम सम्पन्न तथा आवश्यक कृषि सामग्रीहरू खरिद गरी उपयोगमा ल्याइएको छ।

उक्त कार्यक्रममार्फत युवाहरूलाई कृषि तथा पशुपालनमा आधारित उद्यमशीलतामा आकर्षित गर्दै स्थानीय रोजगारी सिर्जना र आयआर्जन वृद्धिमा योगदान पुऱ्याउने लक्ष्य लिइएको छ।

## गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम

गरिबी निवारण तथा आर्थिक सशक्तीकरणका लागि लघु उद्यम कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षमा रु. १४ लाख विनियोजन गरिएको छ। यस कार्यक्रमअन्तर्गत लघु उद्यमी समूहका बैठकहरू सहजीकरण

टेक प्रसाद भण्डारी
नगर प्रमुख

CamScanner

गरिएको छ। उद्यमीहरूले सञ्चालन गरेका व्यवसायहरूमा व्यवसायीक परामर्श प्रदान गरिएको छ। साथै, उद्यमी स्तरउन्नतिको लागि १ जना उद्यमीलाई व्यवसायिक घर निर्माण सिपमूलक तालिम प्रदान गरिएको छ। विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूसँग कार्यक्रमको समन्वय गरी कार्यक्रमको प्रभावकारिता सुनिश्चित गरिएको छ।

### रोजगार सेवा केन्द्र तर्फ

रोजगार सृजना, रोजगारी अवसर अभिवृद्धि र श्रमिकलाई सीपमूलक सहयोग प्रदान गर्ने उद्देश्यले रोजगार सेवा केन्द्र मार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको छ।

चालु आर्थिक वर्षमा श्रम स्वीकृत तथा पुन: श्रम स्वीकृत प्रक्रियामा हालसम्म ९२ जना लाभग्राहीहरूलाई सहजीकरण प्रदान गरिएको छ । श्रम स्वीकृत लिएर वैदेशिक रोजगारमा गएको व्यक्तिको निधन भए पश्चात्, सम्बन्धित परिवारको सामाजिक सुरक्षा सुनिश्चित गर्न आवश्यक प्रक्रिया पुर्याई मृतकको परिवारबाट एक जनालाई वैदेशिक रोजगार सन्तती छात्रवृत्ति र एक जनालाई मृत्यु क्षतिपूर्ति राहत प्रदान गर्न सिफारिस गरिएको छ । यसले लाभग्राहीहरूलाई वैध रोजगारीको अवसर उपलब्ध गराउने, रोजगारी सम्बन्धी जानकारी प्रवाह र श्रमिकको हित सुनिश्चित गर्ने उद्देश्यमा योगदान पुऱ्याएको छ ।

### न्यायिक समिति तर्फ

नगरपालिकाको न्यायिक समिति मार्फत स्थानीय विवाद समाधान, मेलमिलाप र कानूनी प्रक्रियामा सहयोग प्रदान गर्ने उद्देश्यले चालु आर्थिक वर्षमा विभिन्न निवेदनहरू संचालन गरिएको छ।

हालसम्म न्यायिक समिति तर्फ २२ वटा न्यायिक निवेदन प्राप्त भएका छन्, जसमा ६ वटा मेलमिलाप सम्पन्न भएको छ, २ वटा लगत कट्टा, ३ वटा अदालत तथा अन्य निकायमा पठाइएका, १ वटा किनारा लगाइएको छ भने ११ वटा मेलमिलाप प्रक्रियामा रहेको छ।

त्यसैगरी, जिल्लास्तरीय न्यायिक समितिको अन्तरपालिका समन्वय बैठक पनि सम्पन्न भएको छ।

### आयुर्वेदिक सेवा तर्फ

नगरपालिकाले स्वास्थ्य सेवा प्रणालीमा आयुर्वेदिक स्वास्थ्य सेवाको पहुँच र गुणस्तर सुधार गर्न आयुर्वेद औषधालयहरु मार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ।

चालु आर्थिक वर्षमा आयुर्वेदिक सेवा तर्फ सशर्त रकम रु. ११ लाख र पालिका तर्फ रु. ५ लाख रकम विनियोजन गरिएको छ। हाल आयुर्वेद औषधि खरिद प्रक्रिया अन्तर्गत छ। यसै क्रममा, योग कक्षा

सञ्चालन, गाउँघर क्लिनिक, औषधि व्यवस्थापन, वृद्धवृद्धाहरूलाई सप्लिमेन्ट वितरण तथा उपचारात्मक सेवा प्रदान गरिसकिएको छ।

## स्वास्थ्य सेवा शाखा तर्फ

नगरपालिकाले स्वास्थ्य सेवा प्रणालीमा गुणस्तरीय सेवा सुनिश्चित गर्दै जनस्वास्थ्य सुधार गर्न स्वास्थ्य सेवा शाखा मार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ।

चालु आर्थिक वर्षमा स्वास्थ्य सेवाको सशर्त तर्फ रु. ५ करोड १५ लाख र पालिका तर्फ रु. १ करोड ५५ लाख रकम विनियोजन गरिएको छ। हालसम्म भौतिक प्रगति सशर्त तर्फ ३२ प्रतिशत र पालिका तर्फ १७ प्रतिशत पुगेको छ भने वित्तीय प्रगति क्रमशः २९ प्रतिशत र १८ प्रतिशत रहेको छ।

यस अन्तर्गत सञ्चालन भएका प्रमुख कार्यक्रमहरूमा दिर्घ रोगी पहिचान, मासिक बैठक,आमा सुरक्षा कार्यक्रम मार्फत ए.एन.सी. डेलिभरी तथा पि.एन.सी. सेवाहरु, पोषण प्रवर्द्धन कार्यक्रम, स्वास्थ्य प्रवर्द्धनका लागि ३ स अभियान, किशोर-किशोरी मैत्री सेवा, विभिन्न स्वास्थ्य संस्थाहरु मार्फत गुणस्तरीय स्वास्थ्य सेवा प्रदान, खोप क्लिनिक तथा गाउँघर क्लिनिक सेवा निरन्तर संचालन रहेका छन्।

चालु आर्थिक वर्षको हालसम्म १६७ जना संस्थागत सुत्केरी भएका छन्। स्तनपान सप्ताह सफलतापूर्वक सम्पन्न भएको छ। डेंगु तथा स्क्रेप टाईफस विरुद्ध अभियान सञ्चालन गरिएको छ। दिर्घ रोगीहरूको लागि पहिलो त्रैमासिकमा मासिक रु. ५००० का दरले ३१ जनालाई वितरण गरिएको छ। ८ जना दिर्घ रोगीलाई उपचारको लागि संघीय प्रवधान अनुसार सिफारिस गरिएको छ। ८७ जनालाई सर्पदंश उपचार केन्द्रबाट सेवा प्रदान गरिएको छ। ४१ जना सुत्केरीलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइएको छ।

## शिक्षा, युवा तथा खेलकुद शाखा तर्फ

नगरपालिकाले गुणस्तरीय शिक्षा प्रवर्द्धन र विद्यार्थीको समग्र विकास सुनिश्चित गर्न शिक्षा शाखा मार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ।

चालु आर्थिक वर्षमा शिक्षा तर्फ रु. २ करोड १५ लाख ४१ हजार ६ सय विनियोजन गरिएको छ। यस अन्तर्गत नगरस्तरीय परीक्षा समितिको बैठक तथा अर्धवार्षिक परीक्षा सञ्चालन, माध्यमिक तहमा अध्यापन गर्ने गणित, विज्ञान र अंग्रेजी विषयका शिक्षकहरूको अन्तरक्रिया, रोष्टर प्रशिक्षक छनौट, माध्यमिक तहको गणित, अंग्रेजी र विज्ञान विषयका १/१ जना शिक्षकलाई प्रश्नपत्र निर्माण सम्बन्धी तालिमको व्यवस्था गरिएको छ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

त्यसैगरी, विद्यालय पोषण सप्ताह अन्तर्गत निर्धारित कार्यक्रम सञ्चालन, विद्यार्थीको स्वास्थ्य परीक्षण र जुकाको औषधी वितरण, मेयर कप, राष्ट्रपति रनिङ शिल्ड लगायतका कार्यक्रमहरू संचालन गरिएका छन।

### महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा तर्फ

नगरपालिकाले महिला, बालबालिका तथा जेष्ठ नागरिकको हित र सुरक्षामा ध्यान दिँदै विविध कार्यक्रमहरू सञ्चालन गरेको छ।

चालु आर्थिक वर्षमा यस शाखा तर्फ रु. २२ लाख विनियोजन गरिएको छ। यस अन्तर्गत लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको छ।

### बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ

नगरपालिकाले मातृ तथा शिशु स्वास्थ्य र पोषण सुधारका लागि बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरेको छ।

चालु आर्थिक वर्षमा यस कार्यक्रम तर्फ रु. २० लाख विनियोजन गरिएको छ। हाल कार्यक्रमको रकम फुकुवा नभएको कारण वित्तीय प्रगति नभएको छ। तथापि, पोषण सेवा सम्बन्धी विभिन्न आमा समूहसँग सुनौला १००० दिनका आमाहरूसँग घरभेट, पोषण परामर्श तथा पोषण स्क्रिनिङमा सहयोग प्रदान गरिएको छ।

### सडक र फोहोर व्यवस्थापन तर्फ

नगरपालिकाले आधारभूत संरचना सुधार र फोहोर व्यवस्थापन सुनिश्चित गर्न सडक तथा फोहोर व्यवस्थापनका विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ।

चालु आर्थिक वर्षमा ब्याक हो लोडर प्रयोग गरी सबै वडामा जम्मा ३६ कि.मि. मोटर बाटो मर्मत गरिएको छ। नगरपालिकाको फोहोर व्यवस्थापनका लागि दैनिक कार्यतालिका अनुसार ट्याक्टर प्रयोग गरी फोहोर संकलन र व्यवस्थापनको काम निरन्तर सञ्चालन गरिएको छ।

अन्त्यमा,

आजको यस १८औं गरिमामय नगरसभामा सहभागीहुनुहुने सम्पूर्ण नगरसभाका सदस्य ज्यूहरु तथा सहयोगी कर्मचारी ज्यूहरु प्रति धन्यवाद व्यक्त गर्दै यो मुख्य प्रगति र मन्तव्य यही अन्त्य गर्न चाहान्छु

धन्यवाद ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय भिङ्ग्री, प्यूठानको १७औं नगरसभाबाट स्वीकृत आयोजना तथा कार्यक्रमहरु मध्ये तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु विविध कारणले कार्यान्वयन हुन नसकेको हुँदा देहाय बमोजिम संशोधन गरी कार्यान्वयन गर्ने र कतिपय एकमुष्ट राखिएका शिर्षकहरुलाई तपसिल बमोजिम विनियोजन गरी स्वीकृत गर्न नगर उप प्रमुख श्री मिनराज राना मगर ज्यूबाट पेश गरिएको योजना तथा कार्यक्रम संशोधन सम्बन्धी प्रस्ताव नगरसभामा निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल:

नगर उप प्रमुख मिनराज रानामगर बाट प्रस्तुत आ.व. २०८२/०८३ का विविध शिर्षकहरुमा संशोधन गरिने योजना तथा कार्यक्रमहरु प्रतिवेदन।

यस गरिमामय नगरसभाका सभा अध्यक्ष महोदय, नगरसभाका सचिव ज्यू र नगरसभाका सदस्यज्यूहरु, आ.व. २०८२/०८३ का विविध शिर्षकहरुमा संशोधन गरिने योजना तथा कार्यक्रमहरु, पेश गर्न चाहान्छु।

१) यस आ.व.मा विनियोजन गरिएका योजना तथा कार्यक्रमहरु विविध कारण खर्च हुन सकेका थिएनन। ति योजना तथा कार्यक्रमहरुमा रहेका रकमबाट संसोधित योजना तथा कार्यक्रमहरु तयार गरिएका छन। वडा कार्यालय र विषयगत शाखाबाट पेश भएका योजना तथा कार्यक्रमहरु पेश भए बमोजिम नै नगरकार्यपालिकाबाट स्वीकृतिका लागि नगरसभामा पेश गरेको छु।

तपसिल:

१) वडा तर्फ

| क्र. स. | १७औं नगरसभाबाट स्विकृत योजना तथा कार्यक्रमको नाम | स्विकृत वजेट | १८औं नगरसभाबाट संशोधित योजना तथा कार्यक्रमको नाम | संशोधित बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | धाप्सा लिफ्ट खानेपानी सम्म जोडने मोटरबाटो निर्माण | १ लाख ५० हजार | पुरनधारा देखी जोगीमारा सम्म मोटरबाटो मर्मत | १ लाख ५० हजार | स्व.न.पा. २ |
| २ | गजेनी देखी सिमलपधेरा खर्क राम्जाली टोल सिचाई पाइप खरीद | २ लाख | गजेनी देखी सिमल पधेरा सिचाई आयोजना मर्मत | १ लाख ५० हजार | स्व.न.पा. २ |
| | | | बलिधारा सिचाँई पोखरी घेरबार | ५० हजार | |

स्वर्गद्वारी नगरपालिका २०७३

टेक प्रसाद भण्डारी
नगर प्रमुख

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | ज्येष्ठ नागरीक सम्मान कार्यक्रम | १ लाख ३० हजार | दहबन तल्लोटोल बाट सल्ले मोटरबाटो निर्माण | ३० हजार | स्व.न.पा. २ |
| | | | ठुलोपँधेरा मुल संरक्षण | ५० हजार | |
| | | | खाल लिफ्टीङ खानेपानी टंकी निर्माण | ५० हजार | |
| ४ | वडा भित्रका सडक मर्मत योजना | २ लाख ९५ हजार | खर्क राम्जाली टोल सिचाई आयोजना मर्मत | १ लाख ५० हजार | स्व.न.पा. २ |
| | | | बाइनेटा टुनीडाँडा मोटरबाटो निर्माण | ४५ हजार | |
| | | | पोरबाङ पर्खाल निर्माण | ५० हजार | |
| | | | बाजम देखि जुकेपानी जोड्ने मोटरबाटो | ५० हजार | |
| ५ | क्षमता विकास कार्यक्रम | ६० हजार | गोगनपानी मोटरबाटो मर्मत | २० हजार | स्व.न.पा ३ |
| | | | रुमाले वस्ती खानेपानी धारा निमार्ण | ४० हजार | स्व.न.पा ३ |
| ६ | खडगथान कोट भवन मर्मत | ९५ हजार | खडगथान कोटघर जाने मोटरबाटो निमार्ण योजना | ९५ हजार | स्व.न.पा ३ |
| ७ | बजार क्षेत्रमा नाला सरसफाई | १ लाख | इनर्भटर खरिद तथा फ्ल्ड लाईट खरिद | १ लाख | स्व.न.पा ४ |

टेक प्रसाद भण्डारी
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | घण्टीखोला खन्नेखोला र फालेखोलामा तटबन्ध निमार्ण | १ लाख ७० हजार | थापाटोलमा प्रतिक्षालय निमार्ण | १ लाख ७० हजार | स्व.न.पा ४ |
| ९ | शुद्ध पिउनेपानी कार्यक्रम | ३ लाख | वडा कार्यालयको लागि कीचन सामाग्री खरिद | ३५ हजार | स्व.न.पा. ४ |
| | | | गोठीवाङ रिङरोडमा ह्युम पाईप व्यवस्थापन | १ लाख ६५ हजार | |
| | | | दमार मन्दिर निमार्ण | ६० हजार | |
| | | | डिजेल खरिद | ४० हजार | |
| १० | सातमोडे गोरेटो बाटोको रेलीङ निमार्ण | २ लाख ५० हजार | सातमोडे गोरेटो बाटोमा तारजाली तथा रेलीङ निमार्ण | २ लाख ५० हजार | स्व.न.पा ४ |
| ११ | वडा कार्यालय तथा बहुउदेश्यीय भवन मर्मत तथा व्यवस्थापन | २ लाख ४० हजार | बहुउदेश्यीय भवन मर्मत तथा व्यवस्थापन | २ लाख ४० हजार | स्व.न.पा ४ |
| १२ | भोल सामुदायिक भवन शौचालय निर्माण | १ लाख | भोल शौचालय तथा धारा निर्माण | १ लाख | स्व.न.पा. ५ |
| १३ | थाम वराहस्थान संरक्षण | १ लाख ५० हजार | डाँफेधारा थाम मोटरबाटो निमार्ण | १ लाख ५० हजार | स्व.न.पा. ५ |
| १४ | | १ लाख ४० हजार | लक्षितवर्ग कार्यक्रम | १ लाख १० हजार | स्व.न.पा. ५ |

टेक प्रसाद भण्डारी
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | जेष्ठनागरिक महिला दलित लक्षित कार्यक्रम तथा सामग्री खरिद | | [illegible] शिविरको सिंचाई कुलो मर्मत सीकला | ३० हजार | स्व.न.पा ५ |
| १५ | विपन्न परिवारलाई स्वास्थ्य बिमा कार्यक्रम | १ लाख | स्वास्थ्य व्यवस्थापन, कार्यक्रम | १ लाख | स्व.न.पा ५ |
| १६ | बयरे देखि गोरेटोल सम्म बाटो निर्माण | ५० हजार | ठाउँडिक पक्कीबाटो निर्माण | ५० हजार | स्व.न.पा ५ |
| १७ | स्वास्थ्य शिक्षा तथा कृषि कार्यक्रम | १लाख ५० हजार | शिक्षा, युवा खेलकुद तथा कृषि कार्यक्रम | १ लाख ५० हजार | स्व.न.पा ५ |
| १८ | स्थानीयस्तर गोरेटोबाटो निर्माण | १ लाख ५० हजार | स्थानीयस्तर गोरेटोबाटो निर्माण | १ लाख १५ हजार | स्व.न.पा ५ |
| १९ | दलित, विपन्न परिवारलाई खानेपानी बिल भुक्तानी कार्यक्रम | १ लाख | लक्षित वर्ग कार्यक्रम | ७० हजार | स्व.न.पा ५ |
| २० | स्थानीयस्तर गोरेटोबाटो निर्माण | ३५ हजार | वडा कार्यालय क्यालेण्डर निर्माण | ६५ हजार | स्व.न.पा ५ |
| २१ | दलित, विपन्न परिवारलाई खानेपानी बिल भुक्तानी कार्यक्रम | ३० हजार | | | |
| २२ | वडा संग सञ्चार कार्यक्रम | ३० हजार | बेनीचुनदेखि सालविसे सम्मको मोटरबाटो मर्मत | ३० हजार | स्व.न.पा ७ |

हेम प्रसाद भण्डारी
नगर प्रमुख

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | लक्षितवर्ग केन्द्रीत कार्यक्रम तथा बैठक व्यवस्थापन | १ लाख ७५ हजार | बेलीबुजदेखि सानविसे सम्मको मोटरबाटो मर्मत | ३५ हजार | स्व.न.पा ७ |
| | | | लक्षितवर्ग केन्द्रीत कार्यक्रम तथा बैठक व्यवस्थापन | १ लाख ४० हजार | स्व.न.पा ७ |
| २४ | उपल्लो नल्सी खानेपानी पाइपलाईन विस्तार | ६५,०००। | डोटेआप सिचाई कुलो मर्मत तथा घेराबार निर्माण | ६५,०००। | स्व.न.पा ७ |
| २५ | नुगालीटोल दहचौर डोह निर्माण साबिक ५ | १ लाख | स्वास्थ्य चौकी बजिबांग कार्यालय सामाग्री खरिद | १५ हजार | स्व.न.पा ८ |
| | | | हुलाक वडा कार्यालय खानेपानी मर्मत योजना | ८५ हजार | |
| २६ | दशैमेला व्यवस्थापन | ५० हजार | वडा कार्यालय घेराबार योजना | ५० हजार | स्व.न.पा ९ |
| २७ | पिपलपाटा प्रतिक्षालय निर्माण योजना | ५० हजार | खत्रीटोल देखि जयपानी सम्म सिचाईकुलो मर्मत | ५० हजार | स्व.न.पा ९ |
| २८ | आपखोला बढाथान चौतारी निर्माण | १ लाख | आपखोला बढाथान पर्खाल निर्माण | १ लाख | स्व.न.पा. ४ |

२) विषयगत शाखा तथा नगरस्तरका तपशिलका योजना तथा कार्यक्रमहरुमा तपशिल अनुसार संसोधनका लागि पेश गरेको छु ।

| क्र. स. | १७ औं नगरसभाबाट स्विकृत योजना तथा कार्यक्रमको नाम | स्विकृत वजेट | १८ औं नगरसभाबाट संशोधित योजना तथा कार्यक्रमको नाम | संशोधित वजेट | कैफियत |
|---|---|---|---|---|---|

टेक प्रसाद भण्डारी
नगर प्रमुख

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| १. | बराह मन्दिर निमार्ण स्व.न.पा. ४ भ्यागुते | ४ लाख ५० हजार | मन्दिर परिसरमा प्रतिक्षालय निर्माण | ४ लाख ५० हजार | जनता संग मेयर |
| २ | गायखर्क वाहुनटोल देखि पाटीखर्क मोटरबाटो निर्माण | ७ लाख ४५ हजार | गायखर्क वाहुनटोल देखि पाटीखर्क बाटो ढलान ट्यांकी तथा भवन निमार्ण | ७ लाख ४५ हजार | जनता संग मेयर उपमेयर कार्यक्रम तर्फ |
| ३ | सुनधारा गोरेटो बाटो निमार्ण स्व.न.पा. ८दहचौर/शिवमन्दिर नेटा भवन मर्मत तथा पर्खाल निामार्ण | ५० हजार | सुनधारा गोरेटो बाटो निमार्ण स्व.न.पा. ८ दहचौर | ५० हजार | जनता संग मेयर उपमेयर कार्यक्रम तर्फ |
| ४ | भोल पिपलधारा रिचार्जपोखरी निमार्ण | १ लाख | भोल शौचालय तथा धारा निमार्ण | ५० हजार | जनता संग मेयर उपमेयर कार्यक्रम तर्फ |
| | | | सिस्नेरी सिचाई पोखरी निमार्ण | ५० हजार | |
| ५ | पुरन्धारा रिचार्ज पोखरी | १ लाख | हाम्जा रिचार्ज पोखरी | १ लाख | बन तथा बातावरण तर्फ |

टेक प्रसाद भण्डारी
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | डाँडा खर्क रिचार्ज पोखरी स्व.न.पा ६ | १ लाख | डाँडा खर्क सिंचाइ पोखरी स्व.न.पा ६ | १लाख | वन तथा वातावरण तर्फ |
| ७ | ज्येष्ठ नागरिक मिलन केन्द्र भवन घेराबार भौतिक संरचना सुधार | १ लाख ५० हजार | महिलाहरुलाई नौमती बाजा र पञ्चेबाजा पुर्नताजगी तथा एडभान्स तालिम | १ लाख ५० हजार | महिला तथा बालबालिका तर्फ |
| ८ | शिक्षा दिवस कार्यक्रम | १ लाख | शिक्षकहरुलाई इमिस तालिम | १ लाख | शिक्षा तर्फ |
| ९ | एकमुष्ट अनुदान | ३६ लाख ५० हजार | सम्मान तथा पुरस्कार वितरण | २ लाख | शिक्षा तर्फ |
| | | | कक्षा ६-८ को स्थानीय पाठ्यक्रम निर्माण | ३ लाख | |
| | | | कक्षा १-५ को पाठ्यपुस्तक लेखन | ५ लाख | |
| | | | शिक्षक, अभिभावक, जनप्रतिनिधि तथा विद्यार्थीहरुका लागि उत्प्रेरणा कार्यक्रम | १ लाख | |
| | | | शिक्षण सिकाइ सहयोग अनुदानमा कार्यरत शिक्षकका लागि तलबभत्ता | १ लाख | |

टेक प्रसाद भण्डारी
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | | | नगर अनुदान शिक्षक तलब | ९ लाख | |
| | | | निरन्तर विद्यार्थी मुल्याङ्कन पुस्तिका छपाई तथा वितरण | २ लाख | |
| | | | सालबाड बाल बिकास केन्द्र भवन निर्माण स्व.न. पा. ६ | १३ लाख | |
| | | | विविध | ५० हजार | |
| १० | भैसीको दुध उत्पादन प्रोत्साहनका लागि सुत्केरी भत्ता | १ लाख ५० हजार | आपतकालीन पशुपन्छी उपचारको लागि औषधि खरिद | १ लाख ५० हजार | पशुसेवा शाखा तर्फ |
| ११ | विद्यालय स्तरीय कानुनी सचेतना कार्यक्रम | ३ लाख ५० हजार | कानुनी सचेतना डायरी छपाई | १ लाख | न्यायिक समिति तर्फ |
| | | | कर्मचारी तथा जनप्रतिनिधिहरुका लागि कानुनी सचेतना कार्यक्रम | २ लाख ५० हजार | |
| १२ | टोकन प्रणाली जडान / फाइल टयाकीङ्ग सिस्टम | ५ लाख | कम्प्युटर तथा विद्युतीय सामग्री खरिद | ५ लाख | न.पा तर्फ |

३) यस स्वर्गद्वारी नगरपालिकाको विनियोजन ऐनको दफा २ र ३ को व्यवस्था बमोजिम अपुग हुने शिर्षक बाट रकमान्तर गर्ने व्यवस्था भए बमोजिम अनिवार्य भुक्तानी दायित्व सृजना भएका योजना तथा कार्यक्रममा बजेट अपुग भएका तपसिलका योजनामा १५ शैया नगर अस्पतालको अनिवार्य दायित्व भुक्तानी शिर्षकको बजेट रु. ५ करोड यस वर्ष योजना सम्पन्न हुन नसक्ने भई योजनाको निमार्ण कम्पनी संग आगामी वर्ष सम्म म्याद थप समेत भई सकेकाले उक्त रकमबाट चालु आ.व.मा अनिवार्य दायित्व सृजना भएका तपसिलका शिर्षकहरुमा खर्च हुने गरी कार्यपालिकाले निर्णय गरे अनुरुप बजेट खर्चका लागी स्विकृतीका लागि पेश गरेको छु ।

| क.स. | विनियोजित बजेट शीर्षक | विनियोजित बजेट रकम | रकमान्तर बजेट शीर्षक | रकमान्तर बजेट रकम |
|---|---|---|---|---|
| १ | १५ शैया अस्पतालको अनिवार्य दायित्व भुक्तानी | ५ करोड | १५ शैया अस्पतालको अनिवार्य दायित्व भुक्तानी | १ करोड २९ लाख ४५ |

| | | | | |
|---|---|---|---|---|
| | दायित्व भुक्तानी | | | हजार ३२० |
| | | | उमा महेश्वरी मा.वि. अधुरो भवन निर्माण, स्व.न.पा-५ | ४ लाख ६५ हजार |
| | | | ने.रा मा.वि. कोचिवाड, अधुरो भवन निर्माण, स्व.न.पा-१ | १० लाख |
| | | | जना प्राणी प्रा.वि कुसुंडे भवन मर्मत वडा नं १ | ३ लाख |
| | | | ने.रा मा.वि. कोचिवाड पर्खाल निर्माण स्व.न.पा-१ | १५ लाख |
| | | | ने.रा मा.वि. कोचिवाड भवन मर्मत तथा रंग रोगन स्व.न.पा-१ | ५ लाख |
| | | | ने.रा मा.वि. कोचिवाड फिल्ड मर्मत, र सरस्वती मन्दिर निर्माण स्व.न.पा-१ | ५ लाख |
| | | | बाल सँस्कृत मा.वि. धरमपानी अधुरो भवन निर्माण, स्व.न.पा-२ | ६ लाख |
| | | | भुवनेश्वरी प्रा.वि. बाजम अधुरो भवन निर्माण, स्व.न.पा-२ | १ लाख ३० हजार |
| | | | जनता प्रा.वि कालिपोखरी अधुरो भवन निर्माण तथा घेरावार, स्व.न.पा-९ | १४ लाख ६० हजार |
| | | | नेरा आ.वि डँफेधारा अधुरो भवन निर्माण, स्व.न.पा-५ | ९ लाख ६० हजार |
| | | | चन्द्रेश्वरी प्रा.वि भिंग्री अधुरो भवन निर्माण, स्व.न.पा-४ | ४३ लाख |
| | | | बाल कल्याण प्रा.वि.सिम्ले फिल्ड निर्माण, स्व.न.पा-९ | ५ लाख १६ हजार |

स्वर्गद्वारी नगरपालिका २०७३

टेक प्रसाद भण्डारी
नगर प्रमुख

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | पृथ्वी नेरा प्रा.वि. धनवाड फिल्ड निर्माण, स्व.न.पा-२ | ९ लाख ५० हजार |
| | | | सार्वजनिक सौचालय निर्माण, स्व.न.पा-२ बलिधारा | २ लाख ५० हजार |
| | | | बेलवास मा.वि. तापा भवन मर्मत, स्व.न.पा-७ | ९ लाख |
| | | | बेलिबृज तापा लिफ्ट सिंचाइ आयोजना, स्व.न.पा-७ | २५ लाख |
| | | | तल्लो निग्ला देखि उपल्लो निग्ला जाने मोटरबाटो निर्माण, स्व.न.पा-६ | २ लाख |
| | | | मण्डलीथान प्रतिक्षालय निर्माण भिंग्रीकोट, स्व.न.पा-४ | १ लाख ७० हजार |
| | | | कालिपोखरी सुकखोला बाटो निर्माण, स्व.न.पा-९ | २ लाख |
| | | | वडा नं. २ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण (म्याचिङ) | १३ लाख ५० हजार |
| | | | सारी स्वास्थ्य चौकी सारी भवन तथा शौचालय निर्माण, स्व.न.पा-५ | ४ लाख |
| | | | बहुउद्देश्य भवन मर्मत तथा व्यवस्थापन, स्व.न.पा-४ | ३ लाख ६० हजार |
| | | | ओवि चाल्नेटार लिफ्ट खानेपानी मर्मत, स्व.न.पा-८ | ४ लाख |
| | | | जनता प्रा.वि नोस पर्खाल निर्माण, स्व.न.पा-२ | ६ लाख ८० हजार |
| | | | शान्तिपार्क घेरावार तथा भवन मर्मत, स्व.न.पा-८ | ७ लाख |
| | | | कच्छार झोलुङ्गे पुल मर्मत, स्व.न.पा-८ | १ लाख ८० हजार |
| | | | जनसम्पर्क आ.वि तिमिले अधुरो भवन निर्माण, स्व.न.पा ६ | ३२ लाख |

टेक प्रसाद भण्डारी
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | | सेरागल्छी देखि चालिसे सम्मको सिचाई डाब्र कुलो, स्व.न.पा ७ | १ लाख ८० हजार |
| | | | साउनेखोला देखि शिशुकल्याण आ.वि मोटर बाटो, स्व.न.पा ८ | ९ लाख ५० हजार |
| | | | नेरा आ.वि स्यानीलेख भवन निर्माण, स्व.न.पा ५ | १२ लाख |
| | | | स्वर्गद्वारी नेरा आ.वि डाडाखर्क तला थप योजना स्व.न.पा ३ डाडाखर्क | ३९लाख |
| | | | एकीकृत सेवा केन्द्र घोडापार्कमा रहेको सौचालय मर्मत, स्व.न.पा. २ | ५० हजार |
| | | | दमार रातमाटा राजाकुलो निर्माण योजना, स्व.न.पा ५ | २ लाख २५ हजार |
| | | | खोलाखेत सोलार लिफ्ट मर्मत योजना, स्व.न.पा ५ | ८० हजार |
| | | | सोलार सडक बत्ति स्थानान्तरण तथा मर्मत योजना | १ लाख ५० हजार |
| | | | देउराली सालाबांग थापाखर्क झुपाकोट निंगला छहरेखोला लिफ्ट खानेपानी आयोजना | १७ लाख ५० हजार |
| | | | बांझिपुर लिफ्ट सिचाई आयोजना | ७ लाख ९० हजार |
| | | | श्री विद्यानन्द मा.वि. जुडापाटा भवन निर्माण (साझेदारी) | १६ लाख ५८ हजार ६८० |
| | | | गंगेश्वरी मा.वि. बाँझिपुर भवन निर्माण (साझेदारी) | १४ लाख ५० हजार |

४) स्वर्गद्वारी नगरपालिका र हेफर प्रोजेक्ट नेपालको साझेदारीमा सन्चालित कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास साझेदारी परियोजना अन्तरगत आ.व ०८२/०८३

स्वर्गद्वारी नगरपालिका २०७३

टेक प्रसाद भण्डारी
नगर प्रमुख

CamScanner

को तपसिल अनुसारको कार्यक्रमहरु रकमान्तर तथा संशोधनको लागि निम्न प्रस्ताव सहित स्विकृतिका लागि पेश गरेको छु ।

| क.स. | स्वीकृत कार्यक्रम | विनियोजित वजेट रु | कायम हुने बजेट रु. | रकमान्तर गर्नुपर्ने बजेट रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | परियोजना अनुगमन तथा सल्लाहकार समितिको वैठक(पालिका स्तर) | ९० हजार | ६० हजार | ३० हजार | |
| २ | परियोजना अनुगमन तथा सल्लाहकार समितिको वैठक(पालिका स्तर) | १ लाख | ५० हजार | ५० हजार | |
| ३ | पशु औषधि खरिद | १२ लाख | ९ लाख | ३ लाख | |
| ४ | स्थानीय कुखुरा प्रर्वद्धन कार्यक्रम | ४ लाख | २ लाख ४० हजार | १ लाख ६० हजार | |
| ५ | समुह सञ्जाल वैठक | १ लाख २६ हजार | ९४ हजार ५सय | ३१ हजार ५ सय | |
| ६ | समुहका लागि समुह व्यवस्थापन तालिम | १ लाख २६ हजार ५ सय | १ लाख ३ हजार ५ सय | २३ हजार | |
| ७ | हेफर आधारशिला तालिम | ६७ हजार ५सय | २७ हजार | ४० हजार ५सय | |
| ८ | व्यवसायिक तरकारी उत्पादन तालिम | १ लाख २५ हजार | | १ लाख २५ हजार | |

टेक प्रसाद भण्डारी
नगर प्रमुख

माथिको संसोधित शिर्षकबाट हुन आउने रकम रु ७ लाख ६० हजारलाई निम्नानुसारका शिर्षकहरुमा खर्च प्रस्ताव गरेको छु ।

| क.स. | कार्यक्रमको नाम | प्रस्तावित रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | तरकारी मल्चींग प्लाष्टिक र इलेक्टीक स्प्रे सहयोग | ७० हजार | |
| २ | धरमपानी एकीकृत कृषि तथा पशुपन्छी सेवाकेन्द्रको लागि फीज खरिद | ३० हजार | |
| ३ | हिउदे वर्षे घाँसको विउ सहयोग | ७० हजार | |
| ४ | घुम्ती सेवा कार्यक्रम (कृषि, पशु, उद्यम) | १ लाख ५० हजार | |
| ५ | सामुहिक बजारिकरण | ९० हजार | |
| ६ | उन्नत जातको विउ बोका खरिद तथा वितरण | १ लाख ५० हजार | |
| ७ | कृत्रिम गर्भाधान कार्यक्रम | २ लाख | |
| | जम्मा | ७ लाख ६० हजार | |

**५) स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट नगर कार्यपालिकाका विभिन्न वैठकबाट यस स्वर्गद्वारी नगरपालिकाले निमार्ण कार्यमा मर्मतको लागि व्यवस्था गर्न खडा गरेको मर्मत संभार कोष लगायत तपशिलका शिर्षकबाट तपसिलका योजनाहरुको तपसिल अनुसार विनियोजन भई खर्च भएको रकम अनुमोदनका लागि पेश गरेको छु ।**

| क्र.स. | योजनाको नाम | ठेगाना | विनियोजन रकम | बैठक नं. | खर्च शीर्षक |
|---|---|---|---|---|---|
| १ | सबै वडाका मुख्य तथा सहायक बाटोहरु मर्मत | वडा नं. १ देखि ९ | ५,४०,०००/- | ७८ | मर्मत सम्भार कोष |
| २ | हाटबजारमा खानेपानी व्यवस्थापन | वडा नं. ३ | ४३,०००/- | ७८ | मर्मत सम्भार कोष |
| ३ | चाल्नेटार ओवि लिफ्ट खानेपानी मर्मत | वडा नं ८ | ३२,०००/- | ७८ | मर्मत सम्भार कोष |
| ४ | एकीकृत सेवा केन्द्र घोडापार्कमा रहेको शौचालय मर्मत | वडा नं. २ | १,००,०००/- | ७८ | मर्मत सम्भार कोष |

टेक प्रसाद भण्डारी
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | उपल्ली पल्ली खानेपानी योजना | वडा नं. ७ | ७०,०००/- | ६० | मर्मत सम्भार कोष |
| ६ | मुख्य सडक, सहायक सडक तथा सडक नाली सरसफाई | वडा नं. ४ | ६०,०००/- | ६३ | मर्मत सम्भार कोष |
| ७ | कर्मचारीहरूको भान्साकोठामा टायल लगाउने तथा छानोमा प्लाइउड र सिलिङ | कार्यालय | ४५,०००/- | ६३ | सार्वजनिक सम्पतीको मर्मत सम्भार |
| ८ | प्राथमिक स्वास्थ्य केन्द्र सिदीमा बिरामीको चाप अत्याधिक (दैनिक सरदर १००) रहेकोले थप जनशक्ति व्यवस्थापन, स्टेशनरी, विद्युत मर्मत लगायतको कार्यमा थप बजेट व्यवस्था गर्न आवश्यक देखिएकोले माथि उल्लेखित कार्यको लागि अनुदान उपलब्ध गराउने। | प्राथमिक स्वास्थ्य केन्द्र सिदी | १०,००,०००/- | ६३ | स्वास्थ्य शाखा तर्फको तलब, भत्ता, पोशाक समेत शीर्षकबाट रकमान्तर गरी |
| ९ | स्वर्गद्वारी नगरपालिका वडा नं. ९ कन्द्वारमा रहेको सर्पदंश उपचार केन्द्रलाई जनशक्ति व्यवस्थापन, औषधि खरिदको लागि अनुदान उपलब्ध गराउने। | स्वर्गद्वारी नगरपालिका वडा नं. ९ कन्द्वार | ३,५०,०००/- | ६३ | स्वास्थ्य शाखा तर्फको तलब, भत्ता, पोशाक समेत शीर्षकबाट रकमान्तर गरी |
| १० | जलुके आरिखोला मोटरबाटो मर्मतका | स्वर्गद्वारी नगरपालिका वडा नं. ३ | ९ लाख ६० हजार | ६४ | मर्मत सम्भार कोष |

६) स्वर्गद्वारी नगरपालिकाको १७औं नगरसभाबाट महिला तथा बालबालिका तर्फ विनियोजन भएको रु ५,००,०००। साझेदारी तर्फको अपांग व्यवस्थापन तथा मूल प्रवाहिकरण (अन्य निकाय संगको साझेदारीमा) कार्यक्रमको शिर्षकको नाम परिवर्तन गरी सो शिर्षकको नाम अपांग बाल अस्पताल बनेपा (HRDC) र स्व.न.पा. प्यूठानको साझेदारीमा अपांगता व्यवस्थापन तथा मूलप्रवाहिकरण कार्यक्रम शिर्षकमा परिवर्तन गरि खर्च गर्न प्रस्ताव गरेको छु।

CamScanner

७) स्वर्गद्वारी नगरपालिकाले जनतासँगको प्रत्यक्ष संवाद, समस्या समाधान र विकास योजनामा स्थानीय सहभागिता सुनिश्चित गर्न "जनतासँग मेयर-उपमेयर कार्यक्रम" सञ्चालन कार्यक्रम अन्तर्गत गायखर्क बाहुनटोल देखि पाटी खर्क मोटर बाटो निर्माण, स्व.न.पा ५ विनियोजन भएको रकमलाई तपसिल अनुसार संसोधन गरी स्वीकृतको पेश गरेको छु ।

| क.स. | १७औं नगरसभाबाट स्विकृत योजना तथा कार्यक्रमको नाम | स्विकृत बजेट | १८औं नगरसभाबाट संशोधित योजना तथा कार्यक्रमको नाम | संशोधित बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | गायखर्क बाहुनटोल देखि पाटी खर्क मोटर बाटो निर्माण स्व.न.पा ५ | ७ लाख ४५ हजार | गायखर्क बाहुनटोल देखि पाटीखर्क बाटो ढलान ट्यांकी तथा भवन निर्माण स्व.न.पा ५ | ३ लाख ९० हजार | |
| | | | कालिपोखरी सुकखोला बाटो निर्माण, स्व.न.पा ९ | १ लाख ५५ हजार | |
| | | | लामधारा सामुदायिक भवन निर्माण स्व.न.पा ६ | २ लाख | |

८) राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तरगत संघिय सरकारबाट ससर्त अनुदान खर्च शिर्षक नं.२६३३२, बजेट उपशिर्षक नं.३७१००१०२ मा विनियोजित बजेट रकम रु. ५,३०,०००। र स्वर्गद्वारी नगरपालिकाको १७ औं नगरसभा बाट राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तरर्गत साझेदारी तर्फ विनियोजित रकम रु. ५,५०,००० लाई हाल सम्म संघिय सरकारबाट खर्च निर्देशिका प्राप्त नहुँदा अवण्डा रहेको थियो । हाल निर्देशिका प्राप्त भएकाले उद्धेश्य अनुरुप खर्च गर्न तपसिल बमोजिमको योजना तथा कार्यक्रममा बजेट विनियोजन गरी प्रस्ताव गरेको छु ।

तपसिल

(क) संघिय सरकारबाट ससर्त अनुदान खर्च शिर्षक नं.२६३३२, बजेट उपशिर्षक नं.३७१००१०२ मा विनियोजित बजेट रकम रु. ५,३०,०००। बाट

| क.स. | योजनाको नाम | खर्च शिर्षक | इकाई | बजेट | कैफियत |
|---|---|---|---|---|---|

स्वर्गद्वारी नगरपालिका
२०७३

टेक प्रसाद भण्डारी
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| १ | तिलरीपाटा सिचाई योजना | २६३३२ | २ जना | १,५०,८०० | वडा नं. ९ |
| २ | पोखरीडाँडा खन्नेखोला<br>सिमलखर्क पक्की गोरेटो बाटो | २६३३२ | २ जना | १,५०,८०० | वडा नं. ६ |
| ३ | शान्तिपार्क परिसर बगैचा<br>व्यवस्थापन योजना | २६३३२ | २ जना | १,५०,८०० | वडा नं.<br>८ |
| ४ | सेती आँप प्रतिक्षालय निर्माण योजना | | १ जना | ७५४०० | वडा नं.९ |
| जम्मा | | | | ५,२७,८०० | २२००<br>मौज्दात |

(ख) १७ औं नगरसभा बाट राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तरगत साझेदारी तर्फ विनियोजित रकम रु. ५,५०,०००।

| क्र.सं. | योजनाको नाम | खर्च शिर्षक | इकाई | बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | दाइमाई टोल ढिक मोटरबाटो मोटरबाटो | | २ जना | १,५०,८०० | वडा नं.३ |
| २ | चिल्ड्रेनपार्क प्रतिक्षालय निर्माण | | १ जना | ७५,४०० | वडा नं.३ |
| ३ | दमार रातामाटा राजाकुलो निर्माण योजना | | २ जना | १,५०,८०० | वडा नं.५ |
| ४ | टार ढिक पक्की बाटो निर्माण योजना | | २ जना | १,५०,८०० | वडा नं.५ |
| ५ | निर्देशक समितिको बैठक व्यवस्थापन/ अनुगमन खर्च | | | २२,२०० | |
| | जम्मा | | | ५,५०,००० | |

अन्त्यमा यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरिदिनुहुन नगरसभाका अध्यक्ष ज्यू समक्ष पेश गर्दछु।

धन्यवाद।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको आ.व. २०८२/०८३ को पौष सम्मको न्यायिक समिति सदस्य श्री अम्बिका सुनारले प्रस्तुत गर्नुभएको तपसिल बमोजिमको न्यायिक समितिको प्रगति प्रतिवेदन सर्वसम्मत रुपमा स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल:

**न्यायिक समिति आ.व. २०८२/०८३ को १८औं नगर सभा मा प्रस्तुत प्रगति प्रतिवेदन**

**१८औं** नगरसभाका सभाअध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, सभाका सचिव ज्यू, सभा सदस्य ज्यूहरु, अथितिहरु, कर्मचारीहरुमा न्यायिक समितिको वार्षिक प्रगती प्रतिवेदन पेश गर्ने अनुमति चाहान्छु ।

नेपालको संविधान २०७२ ले स्थानीय सरकारलाई न्याय सम्पादनको अधिकार प्रदान गर्दै नागरिकलाई सहज, शुलभ र छिटो न्यायको पहुंच सुनिश्चित गर्ने व्यवस्था गरेको छ। सोही संवैधानिक व्यवस्था अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ र नेपालको संविधान धारा २१७ अनुसार गठित स्वर्गद्वारी नगरपालिकामा पनि नगरसभाबाट न्यायिक समिति गठन भएको छ ।

स्थानीय तहमा उत्पन्न हुने साना तथा सामान्य प्रकृतिका विवादहरुलाई स्थानीय स्तरमै मेलमिलाप समझदारी तथा कानूनी प्रक्रियामार्फत समाधान गर्ने उद्देश्यले न्यायिक समितिले कार्य गर्दै आएको छ ।

यस समितिले सामाजिक सद्भभाव कायम राख्दै विवाद समाधान गर्ने, न्यायिक प्रक्रियामा नागरिकको पहुँच बढाउने तथा अदालतमा पर्ने मुद्दाको चाँप कम गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । आर्थिक बर्ष २०८२/०८३ मा यस स्वर्गद्वारी नगरपालिकाको न्यायिक समितिले तोकिएको अवधीमा सम्पादन गरेका कार्यहरु प्राप्त उजुरीहरुको अवस्था, समाधानका उपाय तथा आगामी कार्यदिशा समेटी यो प्रतिवेदन नगरसभा समक्ष प्रस्तुत गर्न चाहान्छु ।

**सभाका अध्यक्ष महोदय,**

**आर्थिक बर्ष २०८२/०८३ मा न्यायिक समितिले विशेष गरी देहाय बमोजिमका विवादहरुको निरुपण गर्दै आएको छ:**

**१. समितिको कार्यक्षेत्र अन्तरगत:**

- घरजग्गा तथा सिमाना सम्वन्धी विवाद,
- लेनदेन(ऋण-सापटी) सम्वन्धी विवाद,
- पारिवारिक तथा सामाजिक विवाद,
- स्थानीय चलनचल्ती तथा प्रचलित कानून अनुरसार अन्य विवादहरु रहेका छन् ।

**२. न्यायिक समितिमा चालु वर्षमा प्राप्त उजुरी तथा मुद्दाको विवरण**

| क्र.सं | कार्यविवरण | संख्या |
|---|---|---|
| १ | न्यायिक समितिको बैठक | १० |

टेक प्रसाद भण्डारी
नगर प्रमुख

| | | |
|---|---|---|
| २ | निवेदन परेको संख्या (न्यायिकसमितिमा) | २२ |
| ३ | आदेश | १२ |
| ४ | मेलमिलाप भएको संख्या | ६ |
| ५ | लगत कट्टा संख्या | ४ |
| ६ | अदालत अन्य निकाय | ३ |
| ७ | मेलमिलापको प्रकृयामा रहेको संख्या | ११ |

**३. मेलमिलाप तथा निर्णयका सन्दर्भमा गरिएका कार्यहरु**

- न्यायिक समितिले विवाद समाधानलाई मेलमिलापलाई प्राथमिकता दिदै आएको छ । धेरै जसो विवादहरु पक्षहरुबिचको सहमतिबाट समाधान भएका छन् । आवश्यक परेका अवस्थामा प्रचलित कानूनअनुसार निर्णय गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा समन्वय गरी पठाइएको छ ।
- कर्मचारी, जनप्रतिनिधिहरुबाट मेलमिलाप र न्याय सम्पादनका कार्यमा पूर्ण रुपमा सहयोग भएको छ ।
- न्यायिक समितिका पदाधिकारीहरु, कर्मचारी, मेलमिलाप कर्ताहरु, क्षमता विकास अन्तर्गत अन्तर स्थानीय तह न्याय निरुपणका असल अभ्यास तथा सिकाईको लागि अभिमुखिकरण कार्य सम्पन्न गरीएकोछ ।
- निवेदन, फिराद पत्र, प्रतिउत्तर पत्र दर्ता, तारेख पर्चा, म्याद तामेलि सम्बन्धी कार्यहरु नियमित भएका छन ।
- न्यायिक समितिको आयोजना र जनअधिकार संरक्षण मञ्चको प्राविधिक सहयोगमा पालिका स्तरीय, मेलमिलापकर्ताहरुका लागि मेलमिलाप सम्बन्धि पुनर्ताजगी ३ दिने आवासिय तालिम सम्पन्न भएको छ ।
- अन्तरपालिका समन्वय बैठक, तालिम, अभिमूखिकरण, अन्य पालिकाहरुबाट अनुगमनको शिलशिलामा आउँदाको  अनुभव समेत भएको छ ।
- न्यायिक समितिको जिल्ला अदालत प्युठानबाट जिल्ला न्यायाधिशको नेतृत्वमा अनुगमन र अभिमुखिकरण कार्य सम्मपन्न भएको छ ।
- आ.व.०८२/०८३ को बजेट २४ लाख विनियोजित गरीएकोमा रु.३ लाख ५० हजार खर्च भएको छ ।

**४.स्वर्गद्वारी नगरपालिका न्यायिक समितिको प्रमुख उपलब्धीहरु**

- स्वर्गद्वारी नगरपालिका न्यायिक समितिमा प्राप्त उजुरी तथा विवादहरु मेलमिलाप र समझदारीबाट समाधान भएका छन् ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

- न्यायिक समितिको सक्रिय कार्यप्रणालीले न्यायको पहुँच सहज बनाएको छ, विशेषगरी दुरदराजका स्थानहरुमा बसोबास गर्ने नागरिकका लागि ।
- अदालतसम्म पुग्न कठिनाई व्यक्तिहरुले न्याय प्राप्त गर्न सहज हुनुका साथै अदालतमा मुद्दाहरुको चाप कम भएको छ ।
- कानूनी तालिम र कार्यशाला गोष्ठीहरु मार्फत नागरिकलाई आफ्नो अधिकार र कर्तव्यबारे जानकारी दिइएको छ, जस्ले गर्दा उनिहरुको जीवनस्तरमा सुधार आएको छ ।
- न्यायिक समितिले गरेको निर्णय र समाधानलाई प्रभावकारी रुपमा लागु गर्नका लागि सम्बन्धित निकायहरुसंग समन्वय गरेर कार्य गरिरहेको छ ।

**न्याय सम्पादनको क्रममा देखिएका चुनौतीहरु**

१) पीडित पक्षले मेलमिलाप प्रक्रियाबाट न्याय सम्पादन हुन्छ भन्ने बुझाइमा अस्पष्टता हुनु ।

२) पीडित पक्षहरुलाइ गाँउका भद्र भलादमीहरुले परम्परागत शैलिमा पहुँचको आधारमा मात्र न्याय दिने प्रचलन कायम रहनु र अन्याय गर्ने व्यक्तिले प्रश्रय पाइरहेको अवस्थाले गर्दा न्यायिक सम्पादनको प्रक्रियामा घटनाहरु कम दर्ता हुनु ।

५.निष्कर्ष :

स्वर्गद्वारी न्यायिक समितिले आफ्नो कार्यका विभिन्न पक्षहरुमा निरन्तर सुधार गर्दै आईरहेको छ र आगमी कार्ययोजनाहरुमा थप सुधारका लागि धेरै योजनाहरु तयार गरेको छ । सम्पूर्ण नगरको विकास र न्यायिक प्रणालीलाई मजबुत बनाउनका लागि नगरसभाको सहयोग र सहभागिता अत्यन्त महत्वपूर्ण छ ।

धन्यवाद ॥

**निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय भिंग्री, प्यूठानको आर्थिक प्रशासन शाखाबाट चालु आ.व. २०८२/०८३ मा हालसम्म भएगरेका तपसिल बमोजिमका प्राप्त आम्दानी र भुक्तानी गरिएका योजना तथा कार्यक्रमहरुलाई अनुमोदन तथा फरफारक गर्ने सर्वसम्मत निर्णय गरियो।**

तपसिल:

यस नगरपालिकाको चालु आर्थिक वर्षमा चालु तर्फ रु. ४६ करोड ७४ लाख ३५ हजार बजेट विनियोजन गरिएकोमा हालसम्म रु. १५ करोड ७० लाख ५२ हजार ४ सय १७ खर्च भई कुल ३३ दशमलव ६० प्रतिशत वित्तीय प्रगति हासिल भएको छ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

यसैगरी, पुँजीगत तर्फ रु. ३३ करोड ०२ लाख ०५ हजार बजेट विनियोजन गरिएकोमा हालसम्म रु. २ करोड ८१ लाख ५३ हजार ३ सय १० खर्च भएको छ, जुन कुल विनियोजनको ८ दशमलव ५२ प्रतिशत हुन आउँछ।

त्यसैगरी, चालु आर्थिक बर्षका लागि नगरपालिकाको आन्तरिक आय रु. २ करोड ६७ लाख अनुमान गरिएकोमा हालसम्म रु. १ करोड ३७ लाख ३० हजार आम्दानी संकलन भएको छ, जुन कुल अनुमानको ५१ दशमलव ४२ प्रतिशत हो।

चालु आर्थिक वर्षको पहिलो त्रैमासिकसम्म सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत जम्मा ३,६३४ जना लाभग्राहीलाई रु. ३ करोड २३ लाख ५० हजार ३७१ रुपैयाँ सामाजिक सुरक्षा भत्ता वितरण गरिसकिएको छ।

**निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा** यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय भिंग्री, प्यूठानको महालेखा परीक्षकको कार्यालयबाट प्राप्त प्रतिवेदनमा उल्लेख भएका मध्ये यस नगरपालिकाको लेखा समितिका संयोजक श्री पुर्ण बहादुर घर्ति मगर ज्यूले बेरुजु फर्स्यौटका लागि पेश गरिएको तपसिल बमोजिमका अनियमित हुन आएको बेरुजु रकमहरु अनुमोदन गर्नुका साथै सम्परीक्षण गरिदिनका लागि महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल:

सभाका अध्यक्ष ज्यु, उपाध्यक्ष ज्यु, सभाका सचिव ज्यु, नगर सभाका सम्पूर्ण सहयोद्धा सभा सदस्य ज्युहरु,

सर्वप्रथम यस गरिमामय १८ औ नगर सभामा उपस्थित सम्पूर्णमा हार्दिक अभिवादन प्रकट गर्दछु। स्वर्गद्वारी नगरपालिकाको सार्वजनिक खर्चको प्रयोगका सन्दर्भमा लेखा समितिले अध्ययन गरेको छ। अध्ययनका सन्दर्भमा देखिने कतिपय विषयहरुलाई गरिमामय १८ औ नगर सभामा पेश गर्दछु।

नगरका सार्वजनिक खर्चका मार्गदर्शनहरु मुख्य गरि आर्थिक ऐन, आर्थिक प्रशासन नियमावली, सार्वजनिक खरिद ऐन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन, विभिन्न मापदण्ड, अर्थ मन्त्रालयका परिपत्र आदि हुन। यस अनुसारको कानुनको परिपालना सहितको सार्वजनिक खर्चको लेखा परिक्षण गरि प्रतिवेदन प्राप्त भएकोमा यस नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ सम्ममा खुद बेरुजु रु १४ करोड १७ लाख ६९ हजार रहेको छ। भने आर्थिक वर्ष २०८१/८२ को प्रारम्भिक प्रतिवेदनमा औल्याएको बेरुजु रकम रु १ करोड ८४ लाख ८३ हजार २ सय ३१ रहेको छ ।जस मध्ये असुल गर्नु पर्ने १ लाख ४१ हजार ८ सय छ रहेको मा सबै असुली भएको देखिन्छ । अनियमित बेरुजु ३६ लाख ७७ हजार ३ सय ३६ छ। प्रमाण नपुगेको बेरुजु रु. १६ लाख ६८ हजार ५ सय ३१ रहेको छ .पेश्की बेरुजु रु. १ करोड २८ लाख १९ हजार ४३ रहेको छ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

उक्त प्रतिवेदनमा सैद्धान्तिक बेरुजु पनि रहेको छ। सैद्धान्तिक बेरुजु नगरको कार्यशैली वृद्धी र अन्तर सरकारी र अन्तर तहगत समस्याको कारणले पनि आएको देखिन्छ । यसैगरी खर्च गर्ने तर आधार र प्रमाण नपुगेका बेरुजुहरु छन। अनियमित बेरुजु अघिल्ला आर्थिक वर्षहरुमा भन्दा आर्थिक वर्ष २०८१।८२ को प्रारम्भिक प्रतिवेदनमा कम देखिएकोले यसमा उल्लेख्य सुधार भएको देखिएको छ । असुल उपर हुनु पर्ने कतिपय जटिल प्रकृतिका बेरुजु पनि छन त्यस्ता बेरुजुहरु सम्परिक्षण गरि जिम्मेवार व्यक्ति तथा निकायलाई जिम्मेवार बनाउन अविलम्व कदम चाल्नु पर्दछ। नगरले आयोजना तथा कार्यक्रमको कार्यन्वयन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कायम राख्न ध्यान दिनु पर्ने देखिन्छ। आयोजना तथा कार्यक्रमको तर्जुमा गर्दा टुक्रे आयोजना छुनौट गर्ने बन्द गरि नतिजामुखी कार्यक्रम र योजना कार्यन्वयन नगर्दा ठुलो रकम अनियमित भएको देखिएको छ। खर्च प्रतिवेदनहरु समय समयमा सार्वजनिक गर्ने र नतिजा संग तुलना गर्नु पर्ने देखिन्छ। यसका अतिरिक्त नगरपालिकामा आन्तरिक लेखा परिक्षकको दरबन्दी भएता पनि कर्मचारीको पदपूर्ति नभएकाले आन्तरिक लेखा परिक्षण हुन सकेको देखिदैन। आन्तरिक लेखा परिक्षकको पदपूर्ति छिटो गर्नु पर्दछ। आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा देखिएको निम्न विषयहरुमा देखिएको अनिमियत बेरुजु विभिन्न कारणबाट भएपनि आगामी वर्षहरुमा यस्ता कार्य र तौर तरिका नदोहोर्याउने प्रतिबद्दता गरि महालेखा परिक्षको कार्यालयमा बेरुजु फछ्यौट गर्ने अनुरोध गर्ने उपयुक्त देखिएकाले निर्णयार्थ सभामा प्रस्तुत गरिदिनुहुन सभाअध्यक्ष ज्युलाई पेश गर्दछु।

| | | | | |
|---|---|---|---|---|
| | आर्थिक वर्ष २०८१।८२ को लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदनमा देखिएको देहायबमोजिमको दफा र ब्यहोराको अनिमियत बेरुजु नगरसभाबाट नियमित गरि फछ्यौट गर्ने प्रस्ताव : | | | |
| दफा | संक्षिप्त ब्यहोरा | अनियमित रकम | ब्यहोरा | नियमित गर्ने रकम |
| २७.४ | दहत्तर बहत्तर आम्दानी | १०,७२,५८५.८७ | कार्यपालिकाले प्रयाप्त प्रविधिक पुष्टयाइ र प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदनको पुरक अध्ययन बेगरनै नदिजन्य पदार्थ उत्खननको परिमाण घटाएको कारण घटी आय अनुमान भै न्यून आम्दानी गरेको भनिएकोमा, प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदनको पुरक अध्ययनमा कमि भएको कारण आन्तरिक आम्दानी कमि भएकोमा | १०,७२,५८५.८७ |

टेक प्रसाद भण्डारी
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | | चालु आ.व. २०८२।८३ मा वातावरणीय परिक्षण प्रतिवेदन अनुसारनै ठेक्का लगाइएको र सो कार्य अब नदोहोर्याउने गरि अनियमित रकम रु. १०,७२,५८५.८७ लाई फछ्र्यौट गर्ने निर्णय गरियो। | |
| ५४ | सशर्त बाट विज्ञान बाहेकको शिक्षकको तलब भुक्तानी | १०,०४,८४७/- | कार्यविधिले तोके भन्दा फरक विषयका २ जना शिक्षकको तलब भत्ता भुक्तानी गरको भनिएकोमा यस नगरपालिका अन्तर्गत अमर उच्च मा.वि. नमुना विद्यालय कार्यविधि अनुरुप अनुदान प्राप्त गर्दै आइरहेकोमा उक्त विद्यालयले शिक्षकको समस्या भएकाले फरक कार्यविधिले तोके भन्दा फरक विषयका २ जना शिक्षक राखेकोमा विद्यालयलाई सचेत गराई आइन्दा सो कार्य नदोहोर्याउने गरि अनियमित भएको रकम रु १०,०४,८४७ लाई नियमित गरि फछ्र्यौट गर्ने निर्णय गरियो। | १०,०४,८४७/- |
| ५७ | शशर्त अनुदान खर्च | ९८,९६७ | पालिकाले गोश्वारा भौचर नं ७१९ बात शशर्त बजेट तर्फको आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा कार्यक्रमबाट ब्याग, रेनकोट, छाता वितरण गर्न रु. ९८,९६७ खर्च गरेको कार्यक्रमको उद्देश्य फरक भयो भनिएकोमा यस प्रकारको उद्देश्य फरक हुने कार्यमा खर्च गर्ने कार्य नदोहोर्याउने गरि अनियमित भएको रकम रु ९८,९६७ लाई नियमित गरि फछ्र्यौट गर्ने निर्णय गरियो। | |
| ६० | शिक्षण सहयोग अनुदान | १५,००,९३७ | माध्यमिक तह कक्षा ९-१० मा अंग्रेजी ,गणित र विज्ञान विषय शिक्षण सहयोग अनुदान उपलब्ध गराउदा, विद्यालयमा दरबन्दी भएको अवस्थामा समेत एक दरबन्दी थप गरि कार्यान्वयन कार्यविधिले तोके भन्दा बढी अनुदान रकम निकासा गरेको नियम संगत | |

टेक प्रसाद भण्डारी
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | | नदेखिएको भनिएकोमा अब आइन्दा कार्यविधिले तोके भन्दा बढी अनुदान रकम निकासा गरि खर्च गर्ने कार्य नदोहोर्याउने गरि अनियमित भएको रकम रु १५,००,९३७ लाई नियमित गरि फछ्यौंट गर्ने निर्णय गरियो। | |

यसका साथै प्रतिवेदन लाई सभाअध्यक्ष ज्युलाई पेश गर्दछु।

धन्यवाद।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट सिफारिस भइ आएका तपसिल बमोजिमका ऐन, नीति, कार्यविधि, दिग्दर्शन, मापदण्ड स्वीकृतिका लागि स्वर्गद्वारी नगरपालिकाका विधायन समितिका संयोजक श्री कमल बहादुर घर्ति मगर ज्यूले पेश गर्नुभएको ऐन, नीति, कार्यविधि, दिग्दर्शन, मापदण्ड निर्णयार्थ पेश हुँदा सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो।

तपसिलः

यस गरिमामय १८ औं नगर सभाका अध्यक्षज्यू, उपाध्यक्ष ज्यू, सचिव ज्यू, नगरसभाका सदस्य ज्यूहरु। आज म यस स्वर्गद्वारी नगरपालिकाको कार्यपालिकाको बैठकबाट भिभिन्न समयमा स्वीकृत भएका ऐन, कानुन, नीति, निर्देशिका, मापदण्डहरु यस सम्मानित सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु।

नगर सभाका अध्यक्षज्यू,

चालु आ.व २०८२/०८३ को पौष महिना सम्म यस स्वर्गद्वारी नगरपालिका नगरकार्यपालिकाबाट सिफारिस भई आएका नयाँ ऐन, कानुन, नीति, निर्देशिका, मापदण्डहरु तपसिल बमोजिम रहेका छन।

| क.स. | कार्यविधिको नाम | कार्यपालिकाको निर्णय मिति | बैठक संङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०८२ | २०८२/०५/३० | ७९ | |
| २ | कृषक समुह गठन तथा परिचालन सम्वन्धी निर्देशिका, २०८२ | २०८२/०५/३० | ७९ | |
| ३ | मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८२ | २०८२/०६/२७ | ८० | |

टेक प्रसाद भण्डारी
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ४ | स्वर्गद्वारी सर्वेश उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को ,पहिलो संशोधन २०८२ | २०८२/०३/२६ | ८१ | |
| ५ | स्वर्गद्वारी नगरपालिका मौरी प्रवर्द्धन नीति, २०८२ | २०८२/०८/०४ | ८२ | |

नगर सभाका अध्यक्षज्यू,
मिति २०८२/०९/२७ गते बसेको ८४ औ कार्यपालिकाको बैठकबाट सिफारिस भई स्वीकृतीको लागि आएको तपसिल बमोजिमको ऐन यस गरिमामय १८ औ नगरसभा समक्ष पेश गर्न चाहन्छु ।

तपसिल:

| क.स. | ऐनको नाम | कार्यपालिकाबाट स्वीकृत मिति | बैठक संख्या नं. | कैफियत |
|---|---|---|---|---|
| १ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८२ | २०८२/०९/२७ | ८४ | |

धन्यवाद ।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको मिति २०८२ श्रावण महिना को ७८औं नगर कार्यपालिका बैठक देखि पौष महिनाको ८५औं नगर कार्यपालिका बैठकले गरेका निर्णयहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

अन्त्यमा १८औं नगरसभा सौहार्दपुर्ण वातावरणमा सभाका अध्यक्ष नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूबाट सभाको समापन गरियो।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

CamScanner